# साहित्य संसार

नेपाली साहित्य र संस्कृति प्रति प्रतिबद्ध

## नेपालका भीष्मपितामह योगी नरहरिनाथ

डा. स्वामी प्रपन्नाचार्य

विश्वको एकमात्र हिन्दु राष्ट्र नेपालका सजग प्रहरी हिन्दुधर्म र संस्कृति तथा नेपाल राष्ट्रका राष्ट्रिय विभूति योगी नरहरिनाथ इहलोक छोडेर समाधिस्थ भएको पनि पैंतालीस दिन हुदैछ, तर मलाई अहिले पनि योगीजी इहलोकमा हुनुहुन्न भन्ने विश्वास लागेको छैन । यो विवशताको कुरा हो । फागुन १३ गते बाह्र बजे रात एउटा अलौकिक विभूतिको अपहरण हुने घडी उपस्थित भएको थियो, तर त्यो कसैलाई थाहा थिएन । कलमी १४ गते प्रात: ६ बजे नै महोत्तरी जिल्ला मटिहानी मठका लागि हिंडेर मुग्लिङ पुग्दा प्रहरी सूत्रबाट खबर पुग्यो कि अब योगीजी यस धरातलमा हुनुहुन्न । यो समाचार सुनेर कलमी स्तब्ध रह्यो, तर उपाय केही थिएन । केवल मेरो मित्र मदेखि अलग भयो । अब फेरि लौकिक मिलन कहिल्यै हुने छैन । यस्ता भिष्मपितामहको अन्त हुनु नेपाल राष्ट्रका लागि धेरै ठूलो क्षति हो । यस क्षतिलाई पूरा गर्नु फेरि अर्को नरहरिनाथ आएमात्रै पूरा होला । योगी नरहरिनाथको जन्म वि.सं. १९७१ सालमा भारद्वाज गोत्रीय रिक्सेनी थापा कुलमा भएको थियो । उहाको जन्मको नाम बलवीरसिंह थापा थियो । उहाकी आमाको नाम श्रीमती गौरीदेवी थियो भने पिताको नाम ललितसिंह थापा थियो । श्रीमती गौरीदेवी र ललितसिंह थापाका बाह्र सन्तानहरूमध्ये बलवीरसिंह माहिला भाइ दिए । यिनी कर्णाली अञ्चल कालिकोट जिल्ला लालु गाउमा जन्मेका थिए । बलवीरसिंहको जन्मघरलाई त्यहाका जनताले ठूलाघरे भन्ने गरेका थिए ।

बलवीरसिंहलाई आफ्नै जन्म दिने आमाले कखरा सिकाएकी थिइन् । त्यसपछि यिनी जुम्ला चन्दननाथ भैरवनाथमा भाषा पाठशालामा पढ्न पुगे । त्यहा महन्त क्षिप्रानाथको देखरेखमा अध्ययन गरेपछि नरहरिनाथ क्षिप्रानाथजीको नाथ सम्प्रदायका शिष्य बने । त्यसपछि क्षिप्रानाथजीले बलवीरसिंहदेखि नरहरिनाथ योगनाम दिए र नरहरिनाथले गुरु क्षिप्रानाथबाट लघुकौमुदी, अमर कोष, चण्डी, गीता, रुद्री आदि अध्ययन गरेका थिए । यो अध्ययन समाप्त गरेपछि योगी नरहरिदाथ उच्च अध्ययनका लागि हरिद्वार योगाश्रम संस्कृत महाविद्यालयमा प्रवेश गर्न पुगे । त्यहा महामहोपाध्याय द्रव्वेश झा तथा पण्डित ज्ञानीराम शास्त्री आदि जस्ता विद्वान्हरूबाट व्याकरण साहित्य आदि विषयको अध्ययन गरेपछि परीक्षा दिएर यिनी लाहोरतिर घुम्न निक्ले । लाहोरमा पनि महामहोपाध्याय माधव भण्डारी आदि जस्ता विद्वान्हरूसग काव्यप्रकाश आदि ग्रन्थ पढेर फेरि वनारस आउनुभयो । त्यतिखेरका नाथ सम्प्रदायका प्रसिद्ध विद्वान् शंकरनाथ फलेग्रही तथा महामहोपाध्याय हरिहर कृपालु जस्ता विद्वान्हरूबाट व्याकरण पढेर व्याकरणमा योगीजी पुष्ट हुनुभयो । त्यसपछि फेरि घुम्दै पञ्जाव पुग्नुभयो । लुधियाना जिल्लाको खन्ना संस्कृति कलेजमा प्रसिद्ध विद्वान् विश्वनाथ प्रभाकरको सान्निध्यमा अध्ययन गरेर योगी नरहरिनाथजीले पञ्जावमा शास्त्री परीक्षा उत्तीर्ण गर्नुभयो । त्यहाबाट हरिद्वार गुरुकुल कागडी विश्वविद्यालयमा भर्ना भएर दुई वर्षमा वेद र वेदसग सम्बन्धित ग्रन्थहरूको अध्ययन गरेर वेदालंकार परीक्षा उत्तीर्ण गर्नुभयो । भन्नुपर्दा यी अध्ययनहरूबाट योगी नरहरिनाथ व्याकरण, वेद र साहित्य यी विषयहरूमा ज्यादै पुष्ट विद्वान् हुनुहुन्थ्यो । यी विषयहरूको गहिराइले योगिजीलाई कस्तै विद्वान्ले पनि छिटो वशीकरण मन्त्र चलाउन सक्तैनथे भने इतिहास, पुरातत्त्व, नृतत्त्व र शीलालेख, ताम्रपत्र, भुर्जपत्र आदिमा लेखिएका पुराना लिपि पढ्नमा पनि उनी अग्रगव्य थिए । यिनी हरेक विषयमा दक्ष थिए ।

योगी नरहरिनाथ आवाल ब्रह्माचारी थिए । आजीवन विद्यार्थी, आजीवन यात्री, आजीवन परमार्थी र राष्ट्रभक्त थिए । योगिजीको हृदयमा सधैं देश, धर्मका नाता र गाई हाम्रो माता भन्ने नारा गुन्जिरहन्थ्यो ।
पश्चात्य संस्कृतिलाई कतै मन पराउनु हुन्नथ्यो । त्यसैले उहा भन्नुहुन्थ्यो-

आयो यो कलिको कराल भूमरी छोपेर चारैतिर ।

आखा बन्द भये कलाकृति गये मनमा छ सारैपिर ॥

काटौं जाल पाराइका वरिपरि बारौं बलीयो गरी ।

आफ्नै संस्कृतिमा डटौं मिलि उठौं आयो परीक्षाघरी ॥

यो योगीजीको अन्तरात्माको दुःख पुकार थियो, तर यसलाई सुनिदिने अथवा सुनेर पनि गुनिदिने र गुनेर पनि आचरणमा ल्याइदिने को ? मनको कुरा मनैमा रह्यो । आज उनीले धराधामलाई छोडेको पैतालीस दिनमा यो संस्मरणमात्र भएको छ । योगी नरहरिनाथले अनेक संस्था खोलेर राष्ट्र र समाजको सेवा गर्न चाहेका थिए । कर्मवीर महामण्डल, वृहद् आध्यात्मिक परिषद्, विश्वहिन्दु महासंघ, विद्वत्परिषद् आदि संस्था खोलेर योगीजीले धर्म, संस्कृति तथा राष्ट्रका भरपुर सेवा गरिसकेका छन् । कोटिहोमले धर्मको क्षेत्रमा पनि योगीजीले धेरै ठूलो काम गर्नुभएको छ । नेपालको राप्ती अञ्चल दाङ जिल्लामा नेपाल संस्कृति विश्वविद्यालय खोलेर हजारौं बिघा जमिन एकत्र गर्नुभएको छ । त्यसै भूमिमा अहिले महेन्द्र संस्कृत विश्वविद्यालय चल्दैछ । भारतमा बहराइच जिल्लामा सरयू संस्कृत विश्वविद्यालय कतरनिया घाट बिछिया गीर्जापुरीमा खोल्नुभयो । त्यो चारपाच वर्षमात्रै चल्यो । दिल्लीमा आर्ष वाङ्मय विद्यापीठ तुग्लगावादमा खोल्नुभयो । नेपालमा १०८ कोटिहोम गरेर ती कोटिहोम भएको ठाउहरूमा संस्कृत विद्यालय कतै विद्यापीठ कतै आयुर्वेद विद्यापीठ आदि खोलेर सञ्चालन गर्न लगाउनुभयो । तर काम गर्ने मान्छे ठीक भइदिएन भने जे गरे पनि त्यसमा सफलता मिल्दैन । योगी नरहरिनाथजीले विश्व हिन्दु संघ सम्मेलन वि.सं. २०३६ सालमा वीरगन्जको पर्वाणीपुर नृसिंह मन्दिरमा बसेर गर्नुभयो । त्यस सम्मेलनपछि विश्व हिन्दु संघ विश्व हिन्दु महासंघको रूपमा अहिले चलिरहेको छ ।

योगी नरहरिनाथजीले साना ठूला गरी पचासौं ग्रन्थहरूको सम्पादन र पचासौं ग्रन्थहरूको लेखन कार्य गर्नुभयो । योगीजीले इतिहासका बारेमा धेरै लेख्नुभयो र इतिहास प्रकाश महामण्डल संस्था नै खोल्नुभयो । इतिहास प्रकाशको ६६ भागमध्ये तीन भागमात्र प्रकाशित भएको छ । योगीजीले अनेक संस्कृत पत्रपत्रिकालाई पनि जन्म दिएका छन् । कैयौं पत्रपत्रिकाका सम्पादक र प्रधानसम्पादक हुनुभएको छ ।

योगी नरहरिनाथले विदेश भ्रमण पनि गर्नुभएको थियो । जसमा भारत, लंका, अस्ट्रेलिया, चीन, जापान आदि देशहरूको भ्रमण गरेर योगीजीले नेपालका जनतालाई भ्रमणजन्य ज्ञान दिनुभयो । योगी नरहरिनाथ भ्रमणको सिलसिलामा धेरै कुराहरू जान्ने र जनाउने व्यक्तित्व हुनुहुन्थ्यो । योगी नरहरिनाथलाई पूर्णतया नेपाल राष्ट्रले नचिने पनि पछि-पछि चिन्दै आएका थिए । त्यसैले मानसम्मान र पुरस्कार पनि प्राप्त गर्नुभएको थियो । योगीले वेदनिधि पुरस्कार, डा. बलाराम जोशी राष्ट्रिय ज्ञानविज्ञान पुरस्कार आदि पुरस्कारहरूले पुरस्कृत हुनुहुन्थ्यो । योगी नरहरिनाथ आफ्नो समयका नेपालका भीष्मपितामह नै हुनुहुन्थ्यो । योगी नरहरिनाथलाई श्री ५ वीरेन्द्रले राजपरिषद्को महिमामण्डित सम्माननीय सदस्य पदमा मनोनीत गरिबक्सेको थियो । यसप्रकारले
उहा सम्मानित, पुरस्कृत र आदरणीय वक्ता, व्याख्याता धर्मगुरु, इतिहासकार, साहित्यकार, पत्रकार, उहा सबै हुनुहुन्थ्यो । उहा निडर, निर्भय, स्पष्ट वक्ता र देखेको कुरा भन्नमा डराउनुहुन्नथ्यो । त्यसैले योगी नरहरिनाथ नेपालका साक्षात् भीष्मपितामह हुनुहुन्थ्यो र अब भीष्मपितामहको अन्त्य भएको छ र ४५ दिनको चिरस्थायी ऐतिहासिक यादमात्रै रहेको छ । नेपालका सरकार र जनताले भने योगी नरहरिनाथप्रति कर्तव्य बुझ्नुपर्ने छ जो युगौंयुगका लागि योगी नरहरिनाथलाई हामी सबैले सम्झना गरिरहौं । यस्तो स्मारकको आवश्यकता छ । ॐ॥